ठेगाना:
समाज कल्याण परिषद्,
अनुगमन तथा मुल्याकन विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर ।
टेलिफोन नं : ०१-५४५५४४८
(Ext: 205, 206)

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

शाखा कार्यालय, वीरेन्द्रनगर औद्योगिक क्षेत्र, वीरेन्द्रनगर, सुर्खेत

## जमिन तथा भवन बहाल सम्झौता रद्द सम्बन्धी सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः- २०८२/११/०१)**

तत्कालीन घरेलु तथा साना उद्योग विभाग, वीरेन्द्रनगर, सुर्खेत (उ.द.प्र.नं. ३३३७/०७३/०७४) मा दर्ता भएको श्री कर्णाली कोल्ड चेन लजिष्टिक प्रा.लि.ले कोल्ड स्टोर सञ्चालन गर्ने उद्देश्यले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, शाखा कार्यालय, वीरेन्द्रनगर औद्योगिक क्षेत्रसँग मिति २०७४/०९/०१ गतेबाट लागू हुने गरी मिति २०७४/१०/१५ मा बहाल सम्झौता गरी लिएको १०.६८ रोपनी जमिन तथा सोमा रहेको ९०० व.फि.को औद्योगिक भवनमा हालसम्म उद्देश्य अनुरूपको उद्योग सञ्चालन नगरी लामो समयदेखि अनुत्पादक रूपमा राखेको हुँदा पछिल्लो पटक उद्योगले कार्यालय समक्ष दिएको निवेदन अनुसार २०८२ श्रावणबाट ६ महिनाभित्र उद्योग सञ्चालन गर्न म्याद थप गरिएको पत्र हुलाक मार्फत पठाइएको थियो । सो अवधिभर पनि उद्योगका सञ्चालक/प्रतिनिधि कार्यालयको सम्पर्कमा नआएको र आजका मितिसम्म पनि उद्योग सञ्चालन गर्ने कुनै पनि प्रक्रिया अगाडि बढाएको नपाइएको हुँदा औद्योगिक प्रयोजनका लागि उपलब्ध गराइएको जमिन तथा भवन लामो समयसम्म अनुत्पादक रूपमा रहेकोले यस कार्यालय र कर्णाली कोल्ड चेन लजिष्टिक प्रा.लि. बीच भएको जमिन तथा भवन सम्झौताको शर्त, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, प्रचलित औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली २०७१, एवं औद्योगिक क्षेत्र कार्यसञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७१ तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ को लिज करार सम्बन्धी व्यवस्थाको अधीनमा रही जमिन तथा भवन सम्झौता रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै श्री कर्णाली कोल्ड चेन लजिष्टिक प्रा.लि.ले यस कार्यालयलाई हालसम्म बुझाउन बाँकी बक्यौता बुझाई लिजमा लिएको जमिन तथा भवनमा भएका भौतिक सम्पत्ति एवं संरचना सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र उठाई लैजान वा स्वयं व्यवस्थापन गरी कार्यालयको स्वामित्वमा रहेको जमिन तथा भवन खाली गर्न यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**पुनश्चः** ३५ दिनभित्र कार्यालयको बक्यौता चुक्ता गरी जमिन तथा भवन खाली नगरेमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली २०७१, जग्गा तथा भवन सम्झौताको शर्त एवं नेपाल सरकारको कानून बमोजिम कार्यालयले आफ्नो नियन्त्रणमा लिई लिलाम बिक्री प्रक्रिया मार्फत असुली एवं अन्य उद्योग प्रवर्द्धन गर्ने कारबाही अगाडि बढाइनेछ ।

गोरखापत्र दैनिक -२०८२/११/०१